नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

रेड कार्यान्वयन केन्द्र

समृद्धिका लागि वन कार्यक्रम

बबरमहल, काठमाडौं

# स्नातकोत्तर शोधपत्र अनुसन्धानका लागि प्रस्ताव आह्वान सम्बन्धी विस्तृत सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०९/०२

यस रेड कार्यान्वयन केन्द्र, समृद्धिका लागि वन कार्यक्रमबाट वन तथा वातावरण सम्बन्धी स्नातकोत्तर अन्तिम वर्ष/सेमेष्टरमा अध्ययनरत विद्यार्थीलाई शोधपत्र (Thesis Grant) निम्ति सहयोग प्राप्त गर्न इच्छुक विद्यार्थीहरुबाट यस केन्द्रको स्नात्तकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुलाई अध्ययन अनुसन्धानका लागि शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८२ बमोजिम यो सूचना प्रकाशित भएको मितिबाट २१(एक्काइस) दिनभित्र रीतपूर्वक कागजात सहित दरखास्त आह्वान गरिएको छ।

## १ शोधपत्र तयार गर्दा समेट्नु पर्ने विषवस्तु :

नेपालको वन संरक्षण तथा व्यवस्थापन, वन डढेलो, वन उद्यम विकास, वन सम्वर्द्धनमा आधारित प्रणाली, वन क्षेत्रमा लैङ्गिक तथा समाजिक समावेशीकरणसंग सम्बन्धित निम्न बिषयबस्तु समेट्ने शिर्षकमा शोधपत्र तयार गर्नुपर्ने छ । यसरी शोधपत्र तयार गर्दा स्थलगत अध्ययन गरी प्राथिमक श्रोतको तथ्याङ्क संकलन गर्ने कार्यलाई प्राथमिकता दिनु पर्नेछ ।

**क.** वनको संरक्षण तथा व्यवस्थापन सम्बन्धि अध्ययन

**ख.** सामाजिक-आर्थिक क्षेत्र सम्बन्धि अध्ययन

**ग.** जलवायु तथा यसको परिवर्तन सम्बन्धि अध्ययन

**घ.** भू-उपयोग तथा भूछत्र सम्बन्धि अध्ययन

**ङ.** सिमसार तथा जलस्रोत सम्बन्धि अध्ययन

**च.** वन जन्य उद्योग तथा पर्यापर्यटन अध्ययन

**छ.** विकास र संरक्षण सम्बन्धि अध्ययन

## २ आवेदकको योग्यता

आवेदन गर्दा निम्न बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ :-

(क) शोधपत्र कार्यक्रममा सहभागी विद्यार्थी मान्यता प्राप्त शैक्षिक संस्थामा स्नातकोत्तर तहको थेसिस तयार गर्ने वा प्रस्ताव छनोटको चरणमा (वार्षिक प्रणाली भए दोश्रोवर्ष र सेमेस्टर प्रणाली भए तेश्रो वा चौथो सेमेस्टर) अध्ययनरत

हुनुपर्नेछ ।

(ख)रेड कार्यान्वयन केन्द्रवाट स्वीकृत यसै सम्वन्धि कार्यविधि २०८२ मा उल्लेखित बिषयबस्तु समेट्ने शिर्षक सम्बन्धि शोधपत्र प्रस्ताव तयार गर्नु पर्नेछ ।

## ३ आवेदन साथ पेश गर्नु पर्ने कागजातहरु

(क) अध्ययनरत शैक्षिक संस्थाको शोधपत्रको शिर्षक सहितको सिफारिस पत्र ।

(ख) नेपाली नागरिकताको प्रमाणपत्र ।

(ग) स्नातक तह र अध्ययनरत स्नातकोत्तर तहको प्रथम वर्ष वा थेसिस तयार गर्ने वा प्रस्ताव छनोट गर्ने भन्दा पहिलेको (प्रथम/ द्वितीय/ तृतीय) सेमेस्टरको प्रमाणपत्रको छायाँकपि । द्वितीय वा तृतीय सेमेस्टरको प्रमाणपत्र प्राप्त नभैसकेको अवस्था भएमा प्रथम सेमेस्टरको प्रमाणपत्रको छायाँकपि ।

(घ) शोधपत्रको प्रस्तावको ढांचा यसै सम्वन्धि कार्यविधिको अनुसूची-३ मा उल्लेख भए बमोजिम हुनेछ ।

(ङ) आवेदनकर्ताले यसै सम्वन्धि कार्यविधिको अनुसूची-२ मा तोकिएको आवेदन फाराम भरी सूचनामा उल्लेख भए अनुसारको ढाँचामा तयार पारिएको अनुसन्धान प्रस्तावको छायाँकपि (हार्ड कपि दुइ प्रति र सफ्ट कपि) पेश गर्नु पर्नेछ ।

## ४. आवेदन पेश गर्ने ठेगाना र समय

यस सम्वन्धि आवेदन गोरखापत्र दैनिकमा प्रथम पटक सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र वा मिति २०८२।०९।२२ गते ४.०० वजे सम्ममा रेड कार्यान्वयन केन्द्र, बबरमहलमा वुझाउनु पर्नेछ ।

## ५. रकम र संख्या

प्रति विद्यार्थि वढिमा रु ८५,०००। का दरले १९ जना विद्यार्थिको लागि Thesis Grant को व्यवस्था हुनेछ ।

## ६.थप जानकारी

यस सम्वन्धि विस्तृत विवरणको लागि रेड कार्यान्वयन केन्द्रवाट स्वीकृत शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८२ हेर्नु हुन अनुरोध छ ।

# <u>आवेदन फारमको ढाँचा</u>

आवेदन गरेको शैक्षिक कार्यक्रम ..........................................................................................................

शोधत्रपत्र कर्ताका नामः (देवनागरिक लिपिमा) ..........................................................................................

शोधत्रपत्र कर्ताका नामः (अंगजीमा) ...............................................................................................

जन्म मितिः ..............................

| | | | | |
|---|---|---|---|---|
| लिङ्गः | पुरुष | | महिला | |
| दलितः | हो | | | |
| अपाङ्गः | छ | | छैन | |
| आदिबासी/जनजातीः | हो | | होइन | |
| मधेशीः | हो | | होइन | |

रेड कार्यान्वयन केन्द्रमा कार्यरत कर्मचारी (भएमा उल्लेख गर्ने) ...........................

बाबुको नामः ..................................................... आमाको नामः ............................................

सम्पर्क टेलिफोन नं ......................... मोबाइल नं ....................... इमेलः ....................................

स्थायी ठेगानाः जिल्ला .................................स्थानीय तह ......................................वडा नं..............

शोधपत्र अनुसन्धानको शिर्षक :

.........................................................................................................................................................

..........................................................................................

अध्ययनरत शैक्षिक संस्थाको नाम : .......................................................................................

शैक्षिक योग्यता (अधिल्लो शैक्षिक याग्यता पहिला क्रममा लेख्रे)

| अध्ययनको तह | अध्ययन गरेका संस्था | उत्तीर्ण वर्ष | प्राप्तांक प्रतिशत/ग्रेड | मूख्य बिषय |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

शोधपत्र सुपरिवेक्षण गर्नेकोः
नाम थरः
पदः
दस्तखतः
छाप (विभाग/कलेज):

शोधपत्र कर्ताकोः
नाम थरः
दस्तखतः
स्थायी ठेगानाः
नागरिकता नं.:
जारी गर्ने जिल्लाः
जारी मितिः

## शोधपत्र प्रस्तावको ढांचा

शोधपत्र प्रस्तावको ढांचा देहाय बमोजिम हुनुपर्ने छ ।

शिर्षक (Title of the Research Study)

सारसंक्षेप (Abstract)

१. परिचय (Introduction)
२. औचित्यता (Rationale of The Study)
३. पूर्वकार्यको अध्ययन (Review of Literature)
४. अध्ययन क्षेत्र (Study Area)
५. उदेश्य (Objective)
६. सैद्वान्तिक ढाँचा (Conceptual framework)
७. अनुसन्धान विधि (Methodology)
८. आसातित उपलब्धि (Expected Outcomes)
९. कार्य योजना (Work Plan)

१०.बजेट/खर्च बिवरण (Cost Estimate):

११. सन्दर्भ सामग्री (References)

**शोधपत्र प्रस्तावको टेम्प्लेट**

**Main title, subtitle**: Times New Roman, 12 pt, bold, नेपालीमा भए एरियल युनिकोड, १२ बोल्ड

**Main body**: Times New Roman, 12 pt, justify, नेपालीमा भए एरियल युनिकोड, १२ justify

**Table name, Figure caption**: Times New Roman, 10 pt, justify, नेपालीमा भए एरियल युनिकोड, १२ justify

**References:** Any standard format

**Paragraph**: Auto, Auto

**Line spacing**: 1.5

**Paper size**: A4

**Margin:** Normal

सारसंक्षेप Abstract: बढीमा २५० शब्द (अंग्रेजी र नेपाली दुवै भाषामा)